जसले अल्लाह बाहेक कोही साँचो ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका दास र दूत हुन् भनी साँचो हृदयले गवाही दिन्छ, अल्लाहले उसको लागि नरक निषेध गर्नुहुनेछ

अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले सवारीमा पछाडि बसिरहेको मुआजलाई भन्नुभयो: "हे मुआज!" उनले जवाफ दिए: हे अल्लाहको रसूल! म हाजिर छु । उहाँले भन्नुभयो: "हे मुआज!" उनले जवाफ दिए: हे अल्लाहको रसूल! म हाजिर छु । उहाँले तीन पटक यसरी बोल्नुभयो र त्यसपछि उहाँले भन्नुभयो: " जसले अल्लाह बाहेक कोही साँचो ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका दास र दूत हुन् भनी साँचो हृदयले गवाही दिन्छ, अल्लाहले उसको लागि नरक निषेध गर्नुहुनेछ । उनले भने: हे अल्लाहको रसूल! के म अरूलाई यसको जानकारी दिऊ ताकि तिनीहरू खुसी होउन्?
उहाँले भन्नुभयो: "त्यसो गर्दा तिनीहरू यसैमा भर पर्नेछन् ।" तर मुआज (रजियल्लाहु अन्हु) ले यो हदीस आफ्नो मृत्युको समयमा (ज्ञान लुकाउने) पापबाट बच्नको लागि सुनाए । [सही] [मुत्तफकुन अलैहि]

मुआज बिन जबल (रजियल्लाहु अन्हु) नबी (सल्लल्लाहु अलैहि वसल्लम) को पछाडि सवारीमा सवार थिए । उहाँले हे मुआज! भनेर तीन पटक आवाज दिनुभयो । तीन पटक सम्बोधन गर्नुको उद्देश्य भनेको उहाँले भन्न लाग्नुभएको कुराको महत्त्व स्पष्ट पार्नु थियो । त्यसैले मुआजले हरेक पटक जवाफ दिए: हे अल्लाहको रसूल! म तपाईंको हरेक आवाजको जवाफ दिनेछु र यसलाई म आफ्नो लागि गौरवको कुरा मान्छु । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई बताउनुभयो, जसले अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुन् भनी साँचो हृदयले गवाही दिन्छ अनि त्यही अवस्थामा मर्छ, अल्लाहले उसको लागि नर्क निषेध गर्नुहुनेछ । यो सुनेपछि, मुआज (रजियल्लाहु अन्हु) ले मानिसहरूलाई यो हदीस सुनाउन उहाँसंग अनुमति मागे, ताकि मानिसहरूमा खुशीको लहर फैलियोस् । तर अरूहरूले यसैमा भर पर्छन् र सत्कर्म गर्नमा पछाडि हुन्छन् भन्ने डरले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मनाही गर्नुभयो । त्यसैले मुआज (रजिअल्लाहु अनहु)ले यो हदीस कसैलाई सुनाएनन् । तर, ज्ञान लुकाउने पापमा फस्ने डरले उनले मृत्युअघि यो हदीस सार्वजनिक गरे ।

http://www.sunnah.global/hadeeth/ne/show/10098